अनुसूची-२०

# कैलाली जिल्ला अदालत,धनगढी

## लिलाम बढाबढको सूचना

वादी जिल्ला कैलाली धनगढी उ.मा.न.पा.वडा नं.-८ बस्ने कमला डगौरा थारु प्रतिवादी जिल्ला कैलाली धनगढी उ.मा.न.पा.वडा नं.-५ बस्ने निम कुमार चौधरी भएको चेक अनादर मुद्दामा कैलाली जिल्ला अदालतका मिति २०८०/०३/०७ गतेका अन्तिम फैसला बमोजिम निबेदक कमला डगौरा थारु प्रतिवादी निम कुमार चौधरीबाट भरिपाउने ठहरेको सावाँ र भरिभराउ हुँदा सम्मको ब्याज र कोर्ट फी समेत गरी जम्मा रकम रु.१६,३२,४७९।- (सोह्र लाख बत्तीस हजार चार सय उनासी रुपैंया) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने बिगो तपसिल बमोजिमको प्रतिवादी निम कुमार चौधरीका नाममा रहेको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाही हुँदा उक्त सम्पत्ति पहिलो पटक मिति २०८१/०४/२८ गते दिनको १२:०० बजे देखि यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको बेहोरा सुचित गरिन्छ।

तपसिल

१) यस अदालतको तहसिल शाखामा मिति २०८१/०४/२८ गते दिनको १२:०० बजेदेखि दिनको २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।

२) डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३) कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।

४) डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिला गर्नु पर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।

५) डाँक लिलाम बढाबढ हुंदा सबैभन्दा बढी अंक बोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।

६) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

७) डाँक लिलाम हुने सम्पत्तिको बिवरणः-

| जग्गाधनिको नामथर | जिल्ला | ठेगाना | कित्ता नं. | क्षेत्रफल (व.मी.) | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम् मूल्य |
|---|---|---|---|---|---|---|
| निम बहादुर चौधरी | कैलाली | धनगढी वडा नं. ०५ | ३०२ र ८४६ | २५३.९६ व.मि र २५.४० व.मि सो मा बनेको दुई तले घर समेत | पुरै घर सहित | ५०,४९,५९७।– (पचास लाख उन्पचास हजार पाँच सय सन्तानब्बे रुपैया मात्र) |

ईति सम्बत् २०८१ साल असार महिना २७ गते रोज ५ मा शुभम्..............................